# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ २० गते २०५९ साल (संख्या ८

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी महेन्द्र प्रकृति संरक्षण कोषअन्तर्गत सञ्चालित सदर चिडियाखानाको प्रयोजनको लागि थाईलाण्डबाट आयात गर्ने अमेरिकी डलर १,०९०.०० मूल्य बराबरको Plastic Shade Material र सहयोग स्वरूप प्राप्त हुने चारवटा अष्ट्रिचको चल्ला र एक जोडी हिप्पोपोटामसको आयातमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालले रक्त सञ्चार सेवा इकाई सञ्चालन गर्न Vinaya Trading Company बाट आयात गर्ने भारतीय रूपैयाँ २,४४,६५०.०० मूल्य बराबरको चिकित्सा सामग्रीहरूमा लाग्ने भन्सार महसुल २.५ प्रतिशत लिई बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जले आयात गर्ने देहायका सामग्रीको देहायको मूल्यमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | सामान पठाउने संस्था | सामानको विवरण | मूल्य |
|---|---|---|---|
| 1. | Ellteco Co. Ltd. Japan | Infusion/blood warmer ANIMEC AM-28-5 Complete System with Accessories | US$ 990.00 |
| 2. | JMS Co.Ltd. Japan | JMS Syringe Pump Model SP-500 | JY 3,30,000,00 |
| 3. | Atom Med. International Japan | Oxygen Monitor Model OX-21 and Infant Warmer Model V-3200 D | JY 20,79,300,00 |
| 4. | TERUMO, Singapore | Infusion Pump | US$ 2,580,00 |

## सूचना ४

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोष तथा रेयुकाई संस्था जापान बीच भएको सम्झौता बमोजिम लुम्बिनीमा स्थापना हुने आवास गृहको लागि आयात गर्ने अमेरिकी डलर १६,०००.०० मूल्य बराबरको निर्माण एवं मर्मत सामग्रीहरूमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बी. पी. कोइराला क्यान्सर अस्पतालले Varian Medical System, USA बाट आयात गर्ने अमेरिकी डलर ३४,८४९.०० मूल्य बराबरको चिकित्सा सामग्रीहरूमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८

## सूचना ६

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी कौशी तोषाखाना कार्यालयले भारतबाट आयात गर्ने १००० (एक हजार) किलो श्रीखण्डमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालले इन्टरनेशनल डिस्पेन्सरी एसोशिएसन (IDA), नेदरल्याण्डबाट आयात गर्ने युरो ३७,७८३।२८ मूल्य बराबरको औषधि तथा मेडिकल सामानहरूमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी UNFPA अन्तर्गत नेपालमा सञ्चालित आयोजनाहरूमा संलग्न निर्माण कार्य गर्ने ठेकेदारहरूलाई लाग्ने मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८